annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०४ पृष्ठ ८ | काठमाडौं, सोमबार २६ साउन २०८२ | भाद्र कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४५ | MONDAY, AUGUST 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# विश्व कर-द्वन्द्वको नेपालमा कस्तो प्रभाव पर्ला ?

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत, बंगलादेश, श्रीलंका लगायतका देशबाट अमेरिका निर्यात हुने सामानमा करका दर (ट्यारिफ) ह्वात्तै बढाएका छन्। जबकी नेपालका लागि यस्तो कर १० प्रतिशत मात्रै छ। त्यसैकारण अरू देशमाथि ट्यारिफ बढेका कारण नेपालले तयारी पोसाक, गलैंचा लगायतका सामानको टन्नै उत्पादन गरेर अमेरिकामा निकास गर्न सक्ने विज्ञहरू बताउँछन्। त्यति मात्र नभई गार्मेन्ट लगायतका उद्योगमा विदेशी लगानीकर्ता भित्र्याएर पनि फाइदा लिन सक्ने जानकारहरू बताउँछन्।


**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

नेपालबाट निर्यात हुने प्रमुख १० मुलुक (रु.अर्बमा)




नेपाल आयात हुने प्रमुख १० मुलुक (रु.अर्बमा)




समाचार पृष्ठ २

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र भन्सार विभाग*

## तीजको नाच हेरेर फर्किंदै गरेकी बालिका बलात्कृत

**हिक्मतबहादुर नेपाली** | *दैलेख*

दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाकी १३ वर्षीया बालिका दुई युवाबाट बलात्कारको सिकार भएकी छन्। बिहीबार तीज नाच हेरेर घर फर्किन लागेकी ती बालिका दुई युवाबाट बलात्कारको सिकार बनेकी हुन्। बालिकालाई लखेटी-लखेटी बलात्कार गरेको आरोपमा दुई युवा पक्राउ परेका छन्। चामुण्डाविन्द्रासैनी नगरपालिका-८ का २४ वर्षीय गोपेन्द्र शाही भन्ने गोविन्दबहादुर शाही र २५ वर्षीय खगेन्द्र भण्डारी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय दैलेखका सूचना अधिकारी एवं प्रहरी निरीक्षक लालबहादुर सुनारले जानकारी दिए।

गत बिहीबार राति तीजको नाच हेरेर फर्किंदै गरेका एकै उमेर समूहका तीन-चारजना बालिकालाई लक्षित गरी आरोपित युवाले लखेटेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। लखेट्दा भेट्टाउन नसकेपछि ती युवाले पछाडिबाट ढुंगाले प्रहार गरे। ढुंगाले १३ वर्षीया ती बालिकाको दाहिने पाखुरामा लाग्यो। उनी त्यही ढलिन्। पीडित बालिकाका अन्य साथीहरू भागेर जोगिएको प्रहरीले जनाएको छ। ढुंगाले लागेर ढलेकी ती बालिकालाई आरोपित युवाले एकान्तमा लगेर पालैपालो बलात्कार गरेको प्रहरीले जनाएको छ। उक्त घटनाबारे भागेर जोगिएका अन्य बालिकाले तत्कालै घरमा खबर गरेका थिए। सोही खबरका आधारमा खोज्न गएका अभिभावक घटनास्थल पुगेपछि ती युवा भागेका थिए। पीडित बालिकालाई बेहोस अवस्थामा उद्धार गरिएको थियो।

अभिभावकले राति नै बेहोस बालिकालाई दैलेख अस्पतालमा पुर्‍याएका थिए। उनको अस्पतालमा उपचार थालिएको थियो। पीडित बालिकाको दाहिने हात मर्केको, गुप्तांगमा घाउ हुनुका साथै रक्तस्राव भइरहेको उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन्। बालिकाको स्वास्थ्य सुधार भइरहेको छ। पीडित बालिकाको परिवारले शुक्रबार प्रहरीमा जाहेरी दिएको थियो। पीडित पक्षको जाहेरीका आधारमा घटनामा संलग्न दुवैजनालाई पक्राउ गरिएको प्रहरी निरीक्षक सुनारले बताए। 'घटनामा संलग्न दुवै जनालाई पक्राउ गरी जिल्ला अदालत दैलेखबाट म्याद थप गरी अनुसन्धान थालेका छौं,' प्रहरी निरीक्षक सुनारले भने। बालिका उपचारका लागि सदरमुकाममा रहेको बेला घटनामा संलग्न आरोपितका परिवारले बलात्कार घटनाका ढाकछोप गराउन पीडित पक्षलाई धम्की दिने गरेको पीडित पक्षको भनाइ छ।

# रेलमा ठोक्किए पनि जोगियो कार

**गोविन्द महतो** | *जनकपुरधाम*

आइतबार बिहान महोत्तरीको भंगहाबाट जनकपुर हुँदै जयनगरका लागि रेल छुटेको थियो। तर, जनकपुरको थापा चोकस्थित रेल्वे ट्र्याकमा एक्कासि कार आइपुग्यो। रेलले कारलाई ठक्कर दियो। संयोगवश, कारमा धेरै क्षति भएन, मानवीय क्षति पनि भएन। कारमा सवार तीन जनालाई सामान्य चोटपटक मात्रै लागेको छ।

बागमती प्रदेश ०१-०२५ च १२९० नम्बरको उक्त कार आइतबार बिहान ८:३० बजे महोत्तरीको भंगहा पिपराढी स्टेसनबाट जनकपुरधामतर्फ आउँदै गरेको रेलसँग ठोक्किएको थियो। जनकपुरधाम उप-महानगरपालिका-९, ब्रह्मपुरीस्थित थापा चोकनजिक रेललाई छलेर बाटो क्रस गर्न खोज्दा कार दुर्घटनामा परेको प्रहरीको प्रारम्भिक अनुमान छ।

'यो दुर्घटना 'अन अथोराईज्ड क्रसिङ' मा कार पास गर्दा हुन गएको हो', रेल्वे सुरक्षा वेश अस्थायी क्याम्पका प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले भने। भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको भंगहासम्म 'अथोराईज्ड क्रसिङ' ३३ वटा र 'अन अथोराईज्ड क्रसिङ' २३ वटा रहेकोमा अधिकांश दुर्घटना 'अन अथोराईज्ड क्रसिङ' मा हुने गरेको उनले बताए। उनले भने,




'आजको घटना पनि 'अन अथोराईज्ड क्रसिङ' बाट कार पास गराउँदाको परिणाम हो। रेल्वेले गाडी क्रस गर्न नमिल्ने ठाउँ र क्रस गर्न मिल्ने ठाउँ भनेर छुट्याएको छ, तर सबै ठाउँमा गाडी क्रस हुने गरेकाले दुर्घटना हुने गरेका छन्। 'नेपाल रेल्वे नयाँ संरचना भएका कारण चलनचल्तीका बाटोमा तारबार गर्न नसकिएको कारण यस्तो दुर्घटना हुने गरेको छ', उनले भने। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक वरुणबहादुर सिंहले कार चालकको 'ओभर कन्फिडेन्स' का कारण रेलसँग ठोक्किन पुगेको जानकारी दिए। उनले भने, 'दुर्घटनाको प्रारम्भिक अनुमानमा के देखिन्छ भने कारचालकले दुई मिनेट धैर्यता गर्न नसकेका कारण दुर्घटना भएको हो। चालकले रेल आउँदा नआउँदै म लिक क्रस गरिहाल्छु भन्ने विश्वास लिए। तर, सम्भावित ठूलो दुर्घटनाबाट जोगियो। अन्यथा रेलको स्पिड बढी हुने हो भने कारमा भएको क्षतिभन्दा कैयौं गुणा बढी मानवीय र भौतिक क्षति हुन सक्थ्यो। तर, रेलको गति अति मध्यम भएकाले रेल्वे लिकमा १० मिटर जति घिसारिएको छ। तर, कारमा सवार तीनै जनालाई सामान्य चोटपटकबाहेक केही भएको छैन।'

मुख्यतया: सधैंभरि निर्वाध रूपमा रेल्वे लिकबाट ओहोर-दोहोर गरिरहने सवारीसाधनका धनीलाई 'अन अथोराइज्ड क्रसिङ' र अथोराईज्ड क्रसिङको जनचेतना नहुँदा पटक-पटक दुर्घटना हुने गरेको छ। नेपाल रेल्वेको आफ्नै रेल हाल सर्भिसिङमा रहेको छ भने भारतबाट रेल ल्याएर सञ्चालन गरिरहेको छ। दुर्घटनाका प्रत्यक्षदर्शीका अनुसार रेलले कारलाई ठक्कर दिँदा ठूलो आवाज आएको थियो।

स्थानीय पत्रकार घनश्याम मि श्रका अनुसार कारचालकले रेल आउनुपूर्व बाटो क्रस गर्ने हिसाबले अघि बढे पनि कार रेलको लिकमा फस्न पुगेको थियो। पश्चिम दिशाबाट गुडेको रेल आइपुग्नु र रेलचालकले ब्रेक लगाउँदा लगाउँदै कारलाई धक्का लागेर केही परसम्म धकेलिन पुगेको थियो।

घटनाका सन्दर्भमा थप बुझ्न खोज्दा रेल्वेका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले पटक-पटक फोन गर्दा पनि फोन उठाएनन्। यता रेल्वे ट्र्याकको जिम्मा पाएका इन्जिनियर राजीव यादवले समेत फोनमा बोल्न मानेनन्।

## क्लोरिन ग्यास चुहावटबाट ६ सयभन्दा बढी तीर्थयात्री अस्पताल भर्ना



**इराक** (एजेन्सी): इराकमा ६ सयभन्दा बढी तीर्थयात्रीलाई पानी प्रशोधन केन्द्रमा चुहावटको परिणाम स्वरूप क्लोरिन सास फेर्दा श्वासप्रश्वासको समस्याका कारण अस्पतालमा भर्ना गरिएको अधिकारीहरूले आइतबार बताएका छन्। इराकको मध्य र दक्षिणमा अवस्थित दुई शिया पवित्र सहर नजफ र करबलाबीचको मार्गमा रातभरि यो घटना भएको हो।

यस वर्ष, लाखौं शिया मुस्लिम तीर्थयात्री करबलामा जाने अपेक्षा गरिएको छ। त्यहाँ पुजनीय इमाम हुसेन र उनका भाइ अब्बासका मन्दिरहरू छन्। त्यहाँ उनीहरूले ४० दिनको शोक अरबाइन मनाउनेछन्। इराकको स्वास्थ्य मन्त्रालयले 'करबलामा क्लोरिन ग्यास चुहावटपछि श्वासप्रश्वासका ६ सय २१ वटा घटना दर्ता भएको' बताएको छ।

### कैलाली कारागार घटना

# आन्तरिक स्रोतको कब्जाका लागि रक्तपात

**शिवराज भट्ट** | *धनगढी*

कैलाली कारागारमा शुक्रबार मध्य राति झडप भयो। ब्लक 'ए' र 'बी'का कैदीबन्दीबीच भएको झडपमा एकको मृत्यु र ४९ जना गम्भीर घाइते भएका छन्। झडपमा लागुपदार्थसम्बन्धी मुद्दामा जेल सजाय काटिरहेका धनगढी उपमहानगरपालिका-४ का ३६ वर्षीय भरत चौधरीको मृत्यु भयो।

चौधरीको शव सेती प्रादेशिक अस्पतालको शवगृहमा राखिएको छ। मृतकका आफन्तले जेलमा समेत सुरक्षा नभएको भन्दै न्यायिक छानबिन नहुँदासम्म शव नबुझ्ने बताएका छन्। घाइतेमध्ये गम्भीर २ जना कैलाली गोदावरी-२ का आयुष भट्ट र कैलालीकै मोहन्याल गाउँपालिका-३ का कर्ण सलामीमगरलाई थप उपचारका लागि काठमाडौं लगिएको छ। आयुष भट्ट लागुपदार्थसम्बन्धी मुद्दा र सलामीमगर बलात्कार मुद्दाका कैदी हुन्।

भट्टलाई नेपाली सेनाको स्काइ ट्रकमार्फत शनिबार बेलुकी नै काठमाडौं लगिएको छ भने अर्का कैदी कर्ण सलामीमगरलाई आइतबार अपराह्न जहाजबाट काठमाडौं रेफर गरिएको छ।




कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले दुवै जनाको अवस्था गम्भीर रहेकाले थप उपचारका लागि काठमाडौं पठाइएको बताए।

**स्रोतमाथिको कब्जाका लागि झडप**

कैलाली कारागारको क्षमता १ सय ५० जना कैदीका लागि हो। तर, यहाँ ७ सय कैदी राखिएका छन्। बढी कैदी हुनु भनेको कारागारको आन्तरिक प्रशासनको स्रोत पनि बढी हुनु हो। कारागारभित्र दुईवटा प्रशासन हुने गर्छन्, एउटा प्रशासन सरकारी अर्को अथवा कारागार प्रशासन। त्यसले हरेक कैदीलाई दैनिक ८० रुपैयाँका दरले नगदै दिन्छ भने सिधाका रूपमा ७ सय ग्राम चामल दिन्छ। सरकारले दिने भनेको स्रोत यति मात्र हो।

तर, कारागारमा रहेका कैदीबन्दीका लागि बनाइने तरकारी, नास्ताको सामान, ग्यास, साबुन, सोडासहितका दैनिक उपभोग्य सामानको बिक्री आन्तरिक प्रशासनअन्तर्गत पर्छ। कारागारभित्र पसल राख्न सक्ने, पसल चलाउन सक्ने, चिया, नास्ताको सामान राख्न पाइने कानुनमै प्रावधान छ। स्रोत भन्छ, 'कैलाली कारागारभित्र व्यापार (पसल) गर्नेले मासिक पाँच लाखभन्दा बढी कमाउँछन्। हो, त्यही स्रोतमा कब्जाका लागि झडप भएको हो।'

कारागार ऐनमा हरेक २५ जना कैदीबराबर एकजना नाइके नियुक्त गर्न पाइने प्रावधान छ भने हरेक १० जनाबराबर सहनाइके राख्न सक्ने प्रावधान छ। अझ त्यसभन्दा पनि माथि एक ब्लकमा एकजना चौकीदार पनि नियुक्त गर्न पाइने प्रावधान छ। कैलाली कारागारमा लामो समयदेखि परशुराम राना चौकीदारका रूपमा छन् भने २२ जना नाइके र ५७ जना सहकनाइके छन्। राम्रो चरित्र भएका केही नाइके र चौकीदारले बजारमा जाने, बजारबाट सामान किनेर ल्याउने र कैदीबन्दीलाई बिक्री गर्ने गर्छन्। 'त्यही स्रोतका लागि लामो समयदेखि झडप भइरहेको थियो। यसअघिका झडपहरूलाई जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयले पनि सामान्य रूपमा लियो, फलस्वरूप यत्रो ठूलो घटना भयो', एक सुरक्षा अधिकारीले भने।

कारागारमा हरेक असार मसान्तभित्र चौकीदार, नाइके र सह-नाइके नवीकरण गरिसक्ने कानुनी प्रावधान छ। तर, असारको २८ देखि नै त्यही विषयमा विवाद चुलिएपछि कैलाली कारागारमा चौकीदार, नाइके र सह-नाइकेको नवीकरण हुन सकेको थिएन। 'असारभित्र चौकीदार, नाइके, सह-नाइके सबैको नवीकरण गर्नुपर्ने प्रावधान छ तर कैलालीमा विवादका कारण त्यो भएको रहेनछ', नयाँ आएका कारागार व्यवस्थापन विभागका प्रतिनिधि जालान्धर भुषालले भने।

बाँकी पृष्ठ ६